# प्रदेश लोक सेवा आयोग
## कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
### (प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवाका सहायकस्तर चौथो तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. ३२६।२०८१-०८२ प्रकाशित मितिः- २०८१।१२।२६

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवा सहायकस्तर चौथो तहका देहायका अप्राविधिक/प्राविधिक पदहरूका लागि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ बमोजिम सम्भाव्य उम्मेदवारले प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२।०१।२९ गते सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ।

दरखास्त फाराम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगमा बुझाउनु पर्नेछ।दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त बिदालगत्तै कार्यालय खुलेको दिनको कार्यालय समय भित्र दरखास्त पेस गर्न सकिनेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

## उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू:

१. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३० बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ । सो सम्बन्धमा सम्बन्धित विभागीय प्रमुख/कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेस गर्नुपर्नेछ।

२. बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि, सेवाकालीन तालिम र शैक्षिक योग्यता कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ बमोजिम हुनुपर्नेछ।

३. ज्येष्ठतावापतको अङ्क गणना गर्दा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३५ बमोजिम हुनेछ।

४. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र सेवाकालीन तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेशमा समायोजन भएको पत्र पेस गर्नुपर्नेछ।

६. जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सेवाकालीन तालिमको प्रमाणपत्र पेस गर्नु पर्नेछ।

७. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

८. बढुवा सम्बन्धी अन्य व्यवस्था कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ।

(क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | ४८।२०८१-८२ | प्रशासन सहायक, प्रदेश प्रशासन, सामान्य प्रशासन | २ |
| २. | ४९।२०८१-८२ | लेखा सहायक, प्रदेश प्रशासन, लेखा | १ |
| ३. | ५०।२०८१-८२ | फरेष्टर, प्रदेश वन, जनरल फरेष्ट्री | २ |

**दरखास्त दस्तुरः-** रु. ४००।- (चार सय रुपैया मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** **https://revenue.fcgo.gov.np/** पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै द्विविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

प्रदेश लोक सेवा आयोग
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

## स्थानीय सेवाका सहायकस्तर चौथो तहको अप्राविधिक पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. ३२७।२०८१-०८२ प्रकाशित मितिः- २०८१।१२।२६

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने स्थानीय सेवाका सहायकस्तर चौथो तहका देहायको पदका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३१ बमोजिम सम्भाव्य उम्मेदवारले प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२।०१।२९ गते सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ।

दरखास्त फाराम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगमा बुझाउनु पर्नेछ।दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त बिदालगत्तै कार्यालय खुलेको दिनको कार्यालय समय भित्र दरखास्त पेस गर्न सकिनेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

### उम्मेदवारले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ । सो सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेस गर्नुपर्नेछ।

२. बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि, सेवाकालीन तालिम र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम हुनुपर्नेछ।

३. ज्येष्ठतावापतको अङ्क गणना गर्दा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ।

४. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र सेवाकालीन तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेशमा समायोजन भएको पत्र पेस गर्नुपर्नेछ।

६. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

७. बढुवा सम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ बमोजिम हुनेछ।

(क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | ५१।२०८१-८२ | प्रशासन सहायक, स्थानीय प्रशासन, सामान्य प्रशासन | ६ |

**दरखास्त दस्तुरः-** रु. ४००।- (चार सय रुपैया मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** **https://revenue.fcgo.gov.np/** पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै द्विविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

**प्रदेश लोक सेवा आयोग**
**कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**
**(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)**

## प्रदेश निजामती सेवा र स्थानीय सेवाका सहायकस्तर चौथो तह (अप्राविधिक/प्राविधिक) पदहरुको आन्तरिक अन्तर सेवा र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. ३२८।२०८१-०८२ प्रकाशित मितिः- २०८१।१२।२६

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सेवाका सहायकस्तर चौथो तहका देहायका सेवा, समूह, उपसमूहका अप्राविधिक/प्राविधिक पदको आन्तरिक अन्तर सेवा, खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनुपर्नेछ।

### क. अप्राविधिक तर्फका पदहरुः

| क्र.स. | विज्ञापन नं. | किसिम/समावेशी समूह | पद | सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | ३०६/२०८१-०८२ | आन्तरिक अन्तर सेवा प्रतियोगिता | प्रशासन सहायक | प्रदेश प्रशासन, सामान्य प्रशासन | प्रदेश निजामती सेवा | ३ |
| | | | लेखा सहायक | प्रदेश प्रशासन, लेखा | | १ |
| | | | | | **जम्मा** | ४ |
| २. | ३०७/२०८१-०८२ | आन्तरिक अन्तर सेवा प्रतियोगिता | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | ११ |
| ३. | ३०८/२०८१-०८२ | खुला | प्रशासन सहायक | प्रदेश प्रशासन, सामान्य प्रशासन | प्रदेश निजामती सेवा | ७ |
| | | | लेखा सहायक | प्रदेश प्रशासन, लेखा | | ३ |
| | | | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | २२ |
| | | | लेखा सहायक | स्थानीय प्रशासन, लेखा | | १ |
| | | | | | **जम्मा** | **३३** |
| ४. | ३०९/२०८१-०८२ | खस आर्य | प्रशासन सहायक | प्रदेश प्रशासन, सामान्य प्रशासन | प्रदेश निजामती सेवा | २ |
| | | | लेखा सहायक | प्रदेश प्रशासन, लेखा | | १ |
| | | | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | ५ |
| | | | | | **जम्मा** | ८ |

| क.स. | विज्ञापन नं. | किसिम/समावेशी समूह | पद | सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| ५. | ३१०/२०८१-०८२ | खस आर्य महिला | प्रशासन सहायक | प्रदेश प्रशासन, सामान्य प्रशासन | प्रदेश निजामती सेवा | १ |
| | | | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | ३ |
| | | | | | **जम्मा** | ४ |
| ६. | ३११/२०८१-०८२ | दलित | प्रशासन सहायक | प्रदेश प्रशासन, सामान्य प्रशासन | प्रदेश निजामती सेवा | १ |
| | | | लेखा सहायक | प्रदेश प्रशासन, लेखा | | १ |
| | | | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | ३ |
| | | | | | **जम्मा** | **५** |
| ७. | ३१२/२०८१-०८२ | दलित महिला | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | १ |
| ८. | ३१३/२०८१-०८२ | आ.ज. | प्रशासन सहायक | प्रदेश प्रशासन, सामान्य प्रशासन | प्रदेश निजामती सेवा | १ |
| | | | लेखा सहायक | प्रदेश प्रशासन, लेखा | | १ |
| | | | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | १ |
| | | | | | **जम्मा** | ३ |
| ९. | ३१४/२०८१-०८२ | आ.ज. महिला | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | १ |
| १०. | ३१५/२०८१-०८२ | पि.क्षे. | प्रशासन सहायक | प्रदेश प्रशासन, सामान्य प्रशासन | प्रदेश निजामती सेवा | १ |
| | | | | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | १ |
| | | | | | **जम्मा** | २ |
| ११. | ३१६/२०८१-०८२ | पि.क्षे. महिला | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | १ |
| १२. | ३१७/२०८१-०८२ | अपाङ्गता भएका व्यक्ति | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | १ |
| १३. | ३१८/२०८१-०८२ | मधेशी/मुस्लिम | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थानीय सेवा | १ |

**ख. प्राविधिक तर्फका पदहरुः**

| क्र.स. | विज्ञापन नं. | किसिम/समावेशी समूह | पद | सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | ५६७/२०८१-०८२ | खुला | अमिन | स्थानीय इन्जिनियरिङ, सर्भे | स्थानीय सेवा | १ |
| २. | ५६८/२०८१-०८२ | खस आर्य | | | | १ |
| ३. | ५६९/२०८१-०८२ | खुला | खा.पा.स.टे. | स्थानीय प्रशासन, सिभिल, स्यानिटरी | स्थानीय सेवा | १ |
| ४. | ५७०/२०८१-०८२ | खुला | नायव प्राविधिक सहायक | स्थानीय कृषि, समूहकृत नहुने | स्थानीय सेवा | २ |
| | | | | प्रदेश कृषि, बागवानी | प्रदेश निजामती सेवा | १ |
| | | | | | **जम्मा** | **३** |
| ५. | ५७१/२०८१-०८२ | खस आर्य | नायव प्राविधिक सहायक | स्थानीय कृषि, समूहकृत नहुने | स्थानीय सेवा | १ |
| ६. | ५७२/२०८१-०८२ | दलित | | | | १ |
| ७. | ५७३/२०८१-०८२ | खुला | नायव पशु सेवा प्राविधिक | प्रदेश कृषि, ला.पो.डे.डे. | प्रदेश निजामती सेवा | १ |
| | | | | स्थानीय कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | ४ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | प्रदेश कृषि, भेटेरिनरी | प्रदेश निजामती सेवा | १ |
| | | | | स्थानीय कृषि, भेटेरिनरी | स्थानीय सेवा | ५ |
| | | | | | **जम्मा** | **११** |
| ८. | ५७४/२०८१-०८२ | खस आर्य | नायव पशु सेवा प्राविधिक | स्थानीय कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | प्रदेश कृषि, भेटेरिनरी | प्रदेश निजामती सेवा | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि, भेटेरिनरी | स्थानीय सेवा | १ |
| | | | | | **जम्मा** | **३** |
| ९. | ५७५/२०८१-०८२ | खस आर्य महिला | नायव पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि, भेटेरिनरी | स्थानीय सेवा | १ |

| क्र.स. | विज्ञापन नं. | किसिम/समावेशी समूह | पद | सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १०. | ५७६/२०८१-०८२ | दलित | नायव पशु सेवा प्राविधिक | स्थानीय कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि, भेटेरिनरी | | १ |
| | | | **जम्मा** | | | **२** |
| ११. | ५७७/२०८१-०८२ | आ.ज. | नायव पशु सेवा प्राविधिक | स्थानीय कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि, भेटेरिनरी | स्थानीय सेवा | १ |
| | | | **जम्मा** | | | **२** |
| १२. | ५७८/२०८१-०८२ | आन्तरिक अन्तर सेवा प्रतियोगिता | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | प्रदेश निजामती सेवा | **५** |
| १३. | ५७९/२०८१-०८२ | खुला | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | प्रदेश निजामती सेवा | **९** |
| १४. | ५८०/२०८१-०८२ | खस आर्य | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | प्रदेश निजामती सेवा | २ |
| १५. | ५८१/२०८१-०८२ | खस आर्य महिला | | | | १ |
| १६. | ५८२/२०८१-०८२ | दलित | | | | १ |
| १७. | ५८३/२०८१-०८२ | दलित महिला | | | | १ |
| १८. | ५८४/२०८१-०८२ | आ.ज. | | | | १ |
| १९. | ५८५/२०८१-०८२ | पि.क्षे. | | | | १ |
| २०. | ५८६/२०८१-०८२ | खुला | अ.न.मी. | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | प्रदेश निजामती सेवा | **३** |
| | | | | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | **१७** |
| | | | **जम्मा** | | | **२०** |
| २१. | ५८७/२०८१-०८२ | खस आर्य | अ.न.मी. | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | प्रदेश निजामती सेवा | १ |
| | | | | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | ४ |
| | | | **जम्मा** | | | **५** |
| २२. | ५८८/२०८१-०८२ | खस आर्य महिला | अ.न.मी. | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | २ |
| २३. | ५८९/२०८१-०८२ | दलित | अ.न.मी. | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | प्रदेश निजामती सेवा | १ |
| | | | | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | २ |
| | | | **जम्मा** | | | **३** |

| क्र.स. | विज्ञापन नं. | किसिम/समावेशी समूह | पद | सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| २४. | ५९०/२०८१-०८२ | दलित महिला | अ.न.मी. | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | १ |
| २५. | ५९१/२०८१-०८२ | आ.ज. | अ.न.मी. | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | १ |
| २६. | ५९२/२०८१-०८२ | आ.ज. महिला | अ.न.मी. | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | १ |
| २७. | ५९३/२०८१-०८२ | पि.क्षे. | अ.न.मी. | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | १ |
| २८. | ५९४/२०८१-०८२ | अपाङ्गता भएका व्यक्ति | अ.न.मी. | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | स्थानीय सेवा | १ |
| २९. | ५९५/२०८१-०८२ | खुला | अ.हे.व. | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | प्रदेश निजामती सेवा | २ |
| | | | | स्थानीय स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | स्थानीय सेवा | ६ |
| | | | | | **जम्मा** | ८ |
| ३०. | ५९६/२०८१-०८२ | खस आर्य | अ.हे.व | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | प्रदेश निजामती सेवा | १ |
| | | | | स्थानीय स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | स्थानीय सेवा | १ |
| | | | | | **जम्मा** | २ |
| ३१. | ५९७/२०८१-०८२ | खस आर्य महिला | अ.हे.व. | स्थानीय स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | स्थानीय सेवा | १ |
| ३२. | ५९८/२०८१-०८२ | दलित | अ.हे.व. | स्थानीय स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | स्थानीय सेवा | १ |
| ३३. | ५९९/२०८१-०८२ | आ.ज. | अ.हे.व. | स्थानीय स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | स्थानीय सेवा | १ |
| ३४. | ६००/२०८१-०८२ | पि.क्षे. | अ.हे.व. | स्थानीय स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | स्थानीय सेवा | १ |
| ३५. | ६०१/२०८१-०८२ | खुला | वैद्य | प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | प्रदेश निजामती सेवा | १ |
| ३६. | ६०२/२०८१-०८२ | खुला | ल्याव असिष्टेन्ट | प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश निजामती सेवा | १ |

**परीक्षाको किसिमः–** लिखित, प्रतियोगितात्मक र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम र भाषा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ)।

**परीक्षा केन्द्रः–** आयोगले तोकेको स्थान

**दरखास्त दस्तुरः–** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ४००।- (चार सय मात्र) बुझाउनु पर्नेछ। समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि थप दस्तुर रु. २००।- (दुई सय मात्र) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः–** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवाहरूले तोकिएको Wallet हरूको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनोट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधिभित्र बुझाइ सक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः–** अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचरसहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**दरखास्तको माध्यमः–** विज्ञापित पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन प्रणालीमार्फत् दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः–** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण रुपमा जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः–** २०८२।०१।१५ सम्म र दोब्बर दस्तुर तिरी २०८२।०१।२२ सम्म।

**उम्मेदवारको उमेरको हदः–** २०८२।०१।१५ सम्म १८ वर्ष उमेर पूरा भइ ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (६) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (७) बमोजिमका उम्मेदवारको हकमा दफा २० को उपदफा (४) बमोजिम ४० वर्ष ननाघेको तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ प्रारम्भ हुँदाका बखत अविच्छिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

**परीक्षा मिति र समयः-** प्रारम्भिक चरणको परीक्षा मिति २०८२/०२/२४ गते बिहान ९:०० बजे हुनेछ। प्रारम्भिक परीक्षा हुने पद बाहेकका प्रदेश निजामती सेवा र स्थानीय सेवाका आन्तरिक अन्तर सेवा, खुला र समावेशी प्रतियोगितात्मक परीक्षाको मिति र समय आयोगको वेबसाइटमा पछि प्रकाशित गरिनेछ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदाका बखत सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः–** सेवा, समूह उपसमूह सम्बन्धी।

**तलब, सेवा सर्त तथा सुविधाः–** प्रचलित कानुन बमोजिम।

## खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाका लागि आवश्यक न्यूनतम योग्यताः

खुला प्रतियोगितात्मक परीक्षाको लागि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (३) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा ९ को उपदफा (३) र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाको लागि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (७) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ को उपदफा (७) बमोजिम आवश्यक न्यूनतम योग्यता तथा अनुभव हुनुपर्नेछ। व्यावसायिक परिषद्मा दर्ता हुनु पर्ने उम्मेदवारले दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भइ म्याद कायम रहेको हुनुपर्नेछ।

## आवश्यक न्यूनतम योग्यता

(क) **प्रशासन सहायक, प्रदेश प्रशासन/स्थानीय प्रशासन, सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा  माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन-एस. ई.ई.) वा सो सरह उत्तीर्ण।

(ख) **लेखा सहायक, प्रदेश प्रशासन/स्थानीय प्रशासन, लेखाः** मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.)/एस.ई.ई. वा सो सरह उत्तीर्ण।

(ग) **खानेपानी तथा सरसफाई टेक्निसियन, स्थानीय इञ्जिनियरिङ, सिभिल, स्यानिटरीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त वा सो सरह उत्तीर्ण।

(घ) **अमिन, स्थानीय इञ्जिनियरिङ, सर्भेः** मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा एक वर्षको तालिम प्राप्त गरेको।

(ङ) **नायव प्राविधिक सहायक, प्रदेश कृषि, बागवानी/ नायव प्राविधिक सहायक, स्थानीय कृषि, समूहकृत नहुनेः** मान्यताप्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण।

(च) **नायव पशु स्वास्थ्य प्राविधिक, प्रदेश कृषि/स्थानीय कृषि, भेटेरीनरी/ नायव पशु सेवा प्राविधिक, प्रदेश कृषि/स्थानीय कृषि, ला.पो.डे.डे.:** मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस. ई.ई. उत्तीर्ण भई जे.टि.ए. पशु विज्ञान तालिम प्राप्त वा सम्बन्धित विषय लिई टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

(छ) **फरेष्टर, प्रदेश वन, जनरल फरेष्ट्रीः** मान्यताप्राप्त  शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गरी नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट वन सम्बन्धी तह २ को सीप परीक्षा उत्तीर्ण वा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट कम्तीमा ३० (तीस) कार्यदिनको वन सम्बन्धी तालिम प्राप्त गरेको।

(ज) **अ.न.मि., प्रदेश स्वास्थ्य/स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्गः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष उत्तीर्ण।

(झ) **अ.हे.व., प्रदेश स्वास्थ्य/स्थानीय स्वास्थ्य, हे.ई.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिएमए कोर्ष उत्तीर्ण।

(ञ) **वैद्य, प्रदेश स्वास्थ्य, आयुर्वेदः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वैद्य कोर्ष उत्तीर्ण।

(ट) **ल्याव असिस्टेन्ट, प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टेः** मान्यताप्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा टी. एस. एल. सी. वा सो सरह उत्तीर्ण।

नोटः– ग्रेडिङ प्रणाली लागू भएपश्चात् एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

## आन्तरिक अन्तर सेवा, खुला र समावेशी परीक्षाका लागि आवेदन दिँदा ध्यान दिनु पर्ने विषयहरूः

(क) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

(ख) आन्तरिक अन्तर सेवा प्रतियोगितातर्फ दरखास्त दिन कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (७) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ को उपदफा (७) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) आन्तरिक अन्तर सेवा प्रतियोगिता, खुला तर्फ र समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(घ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ।

(ङ) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि कार्यालयको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नु पर्नेछ। कम्प्युटर सीप परीक्षणमा उपस्थित नभएका उम्मेदवारहरूलाई अन्तर्वार्तामा समावेश गराइने छैन।

(च) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

(छ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशनः

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू पेश गर्नुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ताको लागि छनोट भएपछि कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्तसाथ पेस नभएको पाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ।

(क) खस आर्यको हकमाः राष्ट्रिय समावेशी आयोगबाट खस आर्यमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

(ख) दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट दलित वर्गमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

(ग) आदिवासी जनजातिको हकमाः नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट आदिवासी जनजातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

(घ) पिछडिएको क्षेत्रको हकमाः कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ११ को उपनियम (१) र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम १० को उपनियम (१) बमोजिमका स्थानीय तहमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नेपाली नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा बसोबास गरेको भन्ने बेहोरा खुलेको प्रमाणित कागजात,

(ङ) अपाङ्गता भएका व्यक्तिको हकमाः समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(च) मधेशीको हकमाः नेपाल सरकार वा मधेशी आयोगबाट मधेशी समुदाय भनी सूचीकृत भएको जातिको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट मधेशी समुदायभित्रको थर हो भनी प्रमाणित गरेको कागजात

(छ) मुस्लिमको हकमाः मुस्लिम आयोगबाट सूचीकृत भएको जातिको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम जातिभित्रको थर भनी प्रमाणित गरेको कागजात।

**द्रष्टव्यः-**

(क) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्। तर स्थानीय स्वास्थ्य सेवाको समान तहको पदमा तोकिएबमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पर्धा गर्न बाधा पुग्ने छैन।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव, अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (१) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (१) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा अधिकृतस्तर वा सहायकस्तरको पदमा एक पटक मात्र लिन पाउनेछ।

(घ) न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नुपर्ने भनी उल्लेख गरिएका अन्य कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

(छ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली, निर्देशिका तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

(झ) एउटै व्यक्तिले एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (५) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (६) बमोजिम निजले त्यस्ता समूहमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउनेछ।

(ञ) दरखास्त पेस गर्ने तरिका सम्बन्धी जानकारीको लागि आयोगको वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ट) पाठ्यक्रम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np/course** बाट प्राप्त गर्न सकिनेछ।


**थप जानकारीका लागि**

**सम्पर्क नम्बरः** ०८३-५९०३०१ र ०८३-५९०३०६

**Website:** ppsc.karnali.gov.np **Email:** ppsckarnali@gmail.com/info.ppsc@karnali.gov.np